नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

मितिः २०८२/०४/१४

## प्रेस विज्ञप्ति

आज मिति २०८२/०४/१४ गते शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री माननीय रघुजी पन्तज्यू र नेपालका लागि जापानका महामहिम राजदूत Mr. MAEDA Toru ज्यूबिच शिष्टाचार भेटघाट सम्पन्न भयो । माननीय मन्त्रीज्यूले नेपाल र जापानको सम्बन्ध औपचारिक कूटतीतिक सम्बन्ध शुरु हुनु पूर्व देखि नै रहेको बताउँदै नेपालको समग्र विकासमा जापान सरकारले प्रदान गर्दै आएको सहयोगको स्मरण गर्नु भयो । शिक्षा मन्त्रीको हैसियतले आफ्नो विशेष जोड शिक्षा तथा सूचना प्रविधिको क्षेत्रको सहकार्यका विषयमा रहने माननीय मन्त्रिज्यूले धारणा राख्नु भयो।

महामहिम राजदूतले नेपाल प्राकृतिक रुपले सुन्दर देश भएको र नेपालीहरुको व्यवहार अत्यन्त मित्रतापूर्ण रहेको बताउनुभयो । उहाँले आगामी वर्ष नेपाल-जापान सम्बन्धको ७० औं वर्ष पुग्ने बताउदै नेपाल आएका जापानी नागरिकहरुमा नेपाल प्रतिको गहिरो प्रेम रहेको र उनीहरुले समेत नेपालको विकासमा सहयोग गर्ने गरेको बताउनु भयो । उहाँले जापानमा धेरै संख्यामा नेपालीहरु रहेको र जापानमा रहेका नेपाली समुदाय सकारात्मक रहेको बताउनु भयो । जापान सरकारले नेपालको शिक्षा क्षेत्रमा सहयोग गर्दै आएको बताउँदै जापानको नेपालमा सहयोग गर्नुको कुनै राजनीतिक वा रणनीतिक स्वार्थ नरहेको र आर्थिक विकासमा चासो रहेको धारणा समेत उहाँले राख्नु भयो । महामहिम राजदूतले जापानमा रहेका नेपालका दक्ष जनशक्ति कुनै समयमा जापानबाट नेपाल फर्कने र देशमा लगानीको वातावरणका लागि सहयोगी हुने विश्वास व्यक्त गर्नुभयो ।

माननीय मन्त्रिज्यूले जापानबाट प्राप्त सहयोगलाई नेपाली जनताले हार्दिकता पूर्वक लिएको बताउदै जापानले प्रविधिको क्षेत्रमा गरेको विकासबाट नेपालको शिक्षा क्षेत्रमा समेत अनुशरण गर्न सकिने विषय रहेको र यस क्षेत्रमा जापानको सहयोग बढ्ने आशा व्यक्त गर्नु भयो । जापानको नेपाललाई प्राप्त हुने सहयोग स्वार्थ रहित भएको र यसलाई नेपाली जनताहरुले राम्रोसँग बुझेको समेत बताउनु भयो । माननीय मन्त्रिज्यूले जापानले नेपालको विद्यालयको पूर्वाधार विकासमा समेत सहयोग गरेको स्मरण गर्दै सिन्धुली बर्दिबास सडक जापान सरकारको सहयोगमा निर्माण भएको र बाढीका कारण क्षतिग्रस्त सडकको पुनर्निमाणमा सहयोग गर्ने विषयमा नेपाल र जापान सरकार बीच छलफल भएको बताउनु भयो ।

विद्यालय शिक्षा, उच्च शिक्षामा छिमेकी देशका विभिन्न भाषा शिक्षण, छात्राबृत्ति, जापानमा रहेका नेपाली विद्यार्थी तथा नागरिकलाई यथोचित प्रकारको अध्ययन एवम् कार्य वातावरण सुनिश्चित गर्न शैक्षिक कूटनीति संयन्त्र लगायतका क्षेत्रमा जापान सरकारसँग थप सहकार्य विस्तार गर्ने मन्त्रालय ईच्छुक रहेको सम्वन्धमा माननीय मन्त्रीज्यूले विशेष रुपमा उजागर गर्नुभयो ।

अन्त्यमा माननीय मन्त्रीज्यूले आजको भेटघाटबाट दुवै देशको सम्बन्धलाई अझ मजबुत बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

.....................................
(शिवकुमार सापकोटा)
सहसिचव



Scanned with CamScanner